# धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावनाः** धितोपत्र दलाल वा धितोपत्र व्यापारीको अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका बोर्डले स्वीकृत गरेको मितिदेखि* प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "गाभ्ने/गाभिने" भन्नाले बोर्डबाट धितोपत्र दलाल वा धितोपत्र व्यापारीको अनुमतिपत्र प्राप्त गरेका धितोपत्र दलाल वा धितोपत्र व्यापारी एक आपसमा सम्झौता गरी नियमावलीको नियम ७क. बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने वा एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य सम्झनु पर्छ ।

(ग) "धितोपत्र व्यवसायी" भन्नाले बोर्डबाट ऐनको दफा ५८ बमोजिम धितोपत्र दलाल वा धितोपत्र व्यापारीको कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(घ) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरी लिन मञ्जुर गरेको धितोपत्र दलाल वा धितोपत्र व्यापारी सम्झनु पर्छ ।

(ङ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने वा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने धितोपत्र दलाल वा धितोपत्र व्यापारी सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ सम्झनु पर्छ ।

(छ) "प्राप्ति" भन्नाले बोर्डबाट ऐनको दफा ५८ बमोजिम धितोपत्र दलाल वा धितोपत्र व्यापारीको व्यवसाय गर्न अनुमतिपत्र प्राप्त अर्को संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी त्यस्तो धितोपत्र दलाल वा

---

* बोर्डको मिति २०८१/१२/१३ को आठ सय चौध (८१४) औं बैठकको निर्णयबाट लागू भएको ।

धितोपत्र व्यापारीको कानूनी हैसियत समाप्त हुने गरी प्राप्ति गर्ने (एक्विजिशन) कार्य सम्झनु पर्छ ।

(ज) "बोर्ड" भन्नाले ऐनको दफा ३ को उपदफा (१) बमोजिमको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

३. **गाभ्न/गाभिन वा प्राप्ति गर्न योग्य हुने:** नियमावलीको नियम ७क. बमोजिम धितोपत्र दलाल वा धितोपत्र व्यापारी एक आपसमा गाभ्न/गाभिन वा प्राप्ति गर्न योग्य हुनेछ ।

४. **सैद्धान्तिक सहमतिको लागि निवेदन दिनु पर्ने:** (१) दफा ३ बमोजिम गाभ्न/गाभिन वा प्राप्ति गर्न योग्य धितोपत्र व्यवसायी एक आपसमा गाभ्न/गाभिन वा प्राप्ति गर्न चाहेमा सोको सैद्धान्तिक सहमतिको लागि बोर्डमा संयुक्त रुपमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछः

(क) धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाले गरेको निर्णय,

(ख) धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौतापत्र,

(ग) धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी समयबद्ध कार्यतालिका सहितको कार्ययोजना,

(घ) धितोपत्र व्यवसायीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण सहितको प्रतिवेदन,

(ङ) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने धितोपत्र व्यवसायीको कर्मचारी व्यवस्थापन सम्वन्धी विवरण,

(च) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा सञ्चालक समितिबाट अख्तियार प्राप्त अधिकारी, मर्जर समिति र सोको कार्य जिम्मेवारी,

(छ) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्न सक्ने आधार ।

५. **निवेदन उपर जाँचबुझ गर्ने:** दफा ४ बमोजिम प्राप्त भएको निवेदन उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा निवेदकसँग आवश्यकता अनुसार छलफल गर्न वा थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।

६. **सैद्धान्तिक सहमति प्रदान गर्ने**: (१) दफा ४ को उपदफा (२) र दफा ५ बमोजिम पेश भएको विवरण तथा कागजात उपर जाँचबुझ गर्दा सैद्धान्तिक सहमति प्रदान गर्न उपयुक्त हुने देखेमा बोर्डले पन्ध्र कार्यदिनभित्र त्यस्ता धितोपत्र व्यवसायीलाई गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन आवश्यक शर्त तोकी सैद्धान्तिक सहमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सैद्धान्तिक सहमति प्रदान गर्न नसकिने देखिएमा त्यस्तो सैद्धान्तिक सहमति प्रदान नगर्ने भनी बोर्डबाट निर्णय भएको मितिले सात कार्यदिनभित्र सोको कारण समेत खुलाई निवेदकलाई जानकारी दिनु पर्नेछ ।

७. **सम्पत्ति तथा दायित्व मूल्याङ्कन गराउनु पर्नेः** (१) दफा ६ बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेको धितोपत्र व्यवसायीले स्वतन्त्र मूल्याङ्कनकर्ताबाट आफ्नो सम्पत्ति, दायित्व तथा व्यावसायिक कारोबारको पछिल्लो अवधीको मूल्याङ्कन (ड्यू डेलिजेन्स अडिट) गराउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "स्वतन्त्र मूल्याङ्कनकर्ता" भन्नाले धितोपत्र व्यवसायीसँग कुनै किसिमको स्वार्थ नबाझिएको (कन्फ्लिक्ट अफ इन्टरेस्ट) व्यक्ति, फर्म, संस्था वा लेखा परीक्षक सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम स्वतन्त्र मूल्याङ्कनकर्ताले मूल्याङ्कन गर्दा देहायका आधारहरु लिनु पर्नेछः

(क) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने धितोपत्र व्यवसायीको गणना गरिएको समायोजित खुद सम्पत्ति (Adjusted Net Worth) लाई ७५ प्रतिशत,

(ख) भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) विधि प्रयोग गरी तयार गरिएको व्यवसायिक मूल्याङ्कन (Business Valuation) लाई १५ प्रतिशत

(ग) International Valuation Standard को आधारमा गणना गरिएको अन्य कुनै एक विधि प्रयोग गरि गरिएको मूल्याङ्कनलाई १० प्रतिशत ।

(३) उपदफा (२) बमोजिमको कायम हुन आएको मूल्यामा १० प्रतिशतले थपघट गरी शेयर श्वाप अनुपात कायम गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिमको मूल्याङ्कन प्रतिवेदन समेतको आधारमा धितोपत्र व्यवसायीको अन्तिम शेयर स्वाप अनुपात निर्धारण गर्नु पर्नेछ र त्यस्तो शेयर स्वाप अनुपात सम्बन्धित धितोपत्र व्यवसायीको सञ्चालक समितिबाट अनुमोदन गराएको हुनु पर्नेछ ।

८. **अन्तिम सम्झौता गर्नु पर्नेः** (१) यस निर्देशिका बमोजिम बोर्डबाट गाभ्न/गाभिन वा प्राप्ति गर्न सैद्धान्तिक सहमति पाएका धितोपत्र व्यवसायीले देहायका विषय खुलाई एक आपसमा अन्तिम सम्झौता गर्नु पर्नेछः–

(क) गाभ्ने/गाभिने वा प्राप्ति पछि धितोपत्र व्यवसायीको कायम हुने नाम र ठेगाना,

(ख) धितोपत्र व्यवसायीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन पद्धति र मिलान सम्बन्धी व्यवस्था,

(ग) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया, लाग्ने समय र लागतको विवरण,

(घ) गाभिए पछि वा प्राप्ति पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन, स्वामित्व संरचना तथा गाभिएर वा प्राप्ति पछि कायम रहने संस्थामा तत्काल गठन हुने सञ्चालक समितिको विवरण,

(ङ) गाभ्ने/गाभिने वा प्राप्ति पछि धितोपत्र व्यवसायीको कर्मचारीको संख्या, तह, सेवा सुविधाको मिलान सम्बन्धी व्यवस्था,

(च) सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति,

(छ) धितोपत्र व्यवसायी सम्बन्धी प्रचलित कानून र सोको पालना भएको घोषणा,

(छ) बोर्डले निर्धारण गरेका अन्य व्यवस्था ।

९. **अन्तिम स्वीकृति प्रदान गर्ने:** (१) दफा ८ बमोजिम अन्तिम सम्झौता भएपछि साधारण सभाबाट शेयर स्वाप अनुपात सहित गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा निर्णय भएको मितिले पन्ध्र कार्य दिनभित्र धितोपत्र व्यवसायीले अन्तिम स्वीकृतिको लागि बोर्डमा संयुक्त रुपमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछः-

(क) धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाले गरेको निर्णय,

(ख) धितोपत्र व्यवसायीको पछिल्लो प्रबन्धपत्र तथा नियमावली,

(ग) सम्पत्ति, दायित्व तथा व्यवसायको मूल्याङ्कन सहितको मूल्याङ्कन प्रतिवेदन,

(घ) शेयर स्वाप अनुपात सम्बन्धी विवरण,

(ङ) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा धितोपत्र व्यवसायीबीच भएको अन्तिम सम्झौतापत्र,

(च) धितोपत्र व्यवसायीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वार्षिक प्रतिवेदन,

(छ) गाभ्ने/गाभिने वा प्राप्ति पश्चात् कायम हुने कर्मचारीको विवरण,

(ज) धितोपत्र व्यवसायीको पूर्वाधार सम्बन्धी विवरण,

(झ) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रस्ताव साधारण सभाबाट पारित हुँदाका बखत कायम रहेको धितोपत्र व्यवसायीका शेयरधनीको कम्पनी रजिष्ट्रार कार्यालयबाट प्राप्त शेयर लगत किताब र सञ्चालकको लगत,

(ञ) गाभ्ने/गाभिने वा प्राप्ति पश्चात कायम हुने धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९ को व्यवस्था बमोजिम शाखा कार्यालयको मिलान सम्बन्धी योजना,

(ट) कारोबार व्यवस्थापन प्रणाली, राफसाफ तथा फछ्र्यौट र निक्षेप सदस्य कार्य सञ्चालन मिलान सम्बन्धी योजना ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर बोर्डले जाँचबुझ गर्दा त्यस्तो धितोपत्र व्यवसायीसँग थप विवरण वा कागजात माग गर्न आवश्यक देखेमा माग गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा धितोपत्र व्यवसायी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा अन्तिम स्वीकृति प्रदान गर्न उपयुक्त हुने देखेमा निवेदन प्राप्त भएको पन्ध्र कार्यदिनभित्र बोर्डले अन्तिम स्वीकृति प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृति प्रदान गर्दा कायम हुन आएको धितोपत्र व्यवसायीको नाममा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

१०. **एकीकृत कारोबार सम्वन्धी व्यवस्था :** (१) दफा ९ बमोजिम गाभ्ने/गाभिने वा प्राप्ति गर्ने अन्तिम स्वीकृति प्राप्त गरेको धितोपत्र व्यवसायीले कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम एकीकृत व्यावसायिक कारोबारको स्वीकृति प्राप्त गरेपश्चात् एकीकृत व्यावसायिक कारोबार गर्ने मिति निर्धारण गरी सोको जानकारी बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकीकृत कारोबार शुरु गर्नुअघि गाभिने वा प्राप्ति हुने धितोपत्र व्यवसायीको धितोपत्रको पुल एकाउन्टमा रहेका धितोपत्र राफसाफ भइसकेको हुनु पर्नेछ ।

(३) एकीकृत कारोबार शुरु गर्नुअघि धितोपत्र बजारले गाभ्ने/गाभिने वा प्राप्ति भई कायम भएको धितोपत्र व्यवसायी मार्फत मात्र कारोवार हुने गरी कारोवार व्यवस्थापन प्रणाली (टिएमएस) को व्यवस्था मिलाउनु पर्नेछ ।

(४) एकीकृत कारोबार शुरु गर्नुअघि केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले गाभ्ने/गाभिने वा प्राप्ति भई कायम भएको धितोपत्र व्यवसायी मार्फत मात्र हितग्राही खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले एकीकृत कारोबार शुरु गरे पश्चात सो भन्दा अगाडि कायम रहेको हितग्राही खातालाई गाभ्ने/गाभिने वा प्राप्ति भई कायम भएको धितोपत्र व्यवसायीको खातामा रहने व्यवस्था मिलाउनु पर्नेछ ।

११. **विवरण पेश गर्नु पर्नेः** धितोपत्र व्यवसायीले एकीकृत कारोबार भएको तीन दिनभित्र देहायका विवरण तथा कागजात बोर्डमा पेश गर्नु पर्नेछः

(क) धितोपत्र व्यवसायीको अद्यावधिक नाम, ठेगाना र सम्पर्क नम्बर,

(ख) धितोपत्र व्यवसायीको अद्यावधिक शेयरधनी तथा सञ्चालकको लगत,

(ग) धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको विवरण,

(घ) धितोपत्र व्यवसायीको कार्य विभाजन सहितको जनशक्ति तथा भौतिक पूर्वाधार सम्बन्धी विवरण,

(ङ) धितोपत्र व्यवसायीको कारोबार व्यवस्थापन प्रणाली, राफसाफ तथा फछ्र्यौट र निक्षेप सदस्य कार्य सञ्चालन मिलान सम्बन्धी विवरण,

(च) बोर्डले निर्धारण गरेका अन्य विवरण तथा कागजात ।

१२. **कार्य सम्पन्न गर्नु पर्ने अवधिः** धितोपत्र व्यवसायीले गाभ्ने/गाभिने वा प्राप्ति गर्ने कार्य प्रारम्भिक सम्झौता भएको छ महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

१३. **कारोबार रोक्का गर्न सक्ने:** (१) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रयोजनको लागि धितोपत्रको कारोबार रोक्का गर्न आवश्यक भएमा सम्बन्धित धितोपत्र व्यवसायीले बोर्डको स्वीकृति लिई रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्र व्यवसायीले धितोपत्रको कारोबार रोक्का राख्ने प्रयोजनको लागि कम्तीमा तीन कार्यदिन अघि बोर्डमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले त्यस्तो धितोपत्र व्यवसायीको धितोपत्रको कारोबार रोक्का राख्न आवश्यक देखेमा अवधि तोकी रोक्का राख्न स्वीकृति दिन सक्नेछ ।

१४. **शाखा कार्यालय सञ्चालन गर्न बाधा नपर्ने:** धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाभिने वा प्राप्ति हुने धितोपत्र व्यवसायीको मुख्य कार्यालयलाई शाखा कार्यालयको रुपमा तथा कायम रहेको शाखा कार्यालय यथावत रुपमा सञ्चालन गर्न बाधा पर्ने छैन ।

तर काठमाण्डौ उपत्यका भन्दा बाहिर कुनै एक स्थानीय तहमा एक भन्दा बढी शाखा हुने भएमा सो समेत गाभिई एकै शाखा कार्यालय कायम गर्नु पर्नेछ ।

१५. **प्रक्रिया अघि बढाउन बाधा नपर्ने:** यो निर्देशिका प्रारम्भ हुनुअघि गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियामा रहेको धितोपत्र व्यवसायीको बोर्डले यस निर्देशिका बमोजिम गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

१६. **आवश्यक निर्णय गर्न सक्ने:** यो निर्देशिका कार्यान्वयन गर्न कुनै बाधा अड्काउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**धितोपत्र व्यवसायीको गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा सैद्धान्तिक सहमतिको लागि दिने निवेदनको ढाँचा**

मितिः.....................

श्री नेपाल धितोपत्र बोर्ड ।

.............................

विषयः सैद्धान्तिक सहमति सम्बन्धमा ।

महोदय,

यस .................... लि.ले ......................... सँग/लाई गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा निर्णय भएकोले धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ बमोजिम सैद्धान्तिक सहमति पाउनको लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

संलग्नः

भवदीय,

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ |
| धितोपत्र व्यवसायीको नामः | धितोपत्र व्यवसायीको नामः |
| छापः | छापः |

## अनुसूची-२

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा अन्तिम स्वीकृतिको लागि दिने निवेदनको ढाँचा**

मितिः......................

श्री नेपाल धितोपत्र बोर्ड ।

..............................

विषयः अन्तिम स्वीकृति सम्बन्धमा ।

महोदय,

.....................लि. ले ......................... सँग/लाई गाभ्ने/गभिने वा प्राप्ति गर्ने सम्बन्धमा निर्णय भएकोले धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम अन्तिम स्वीकृति पाउनको लागि देहाय बमोजिम विवरण तथा कागजात संलग्न गरी यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

संलग्नः

भवदीय,

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| धितोपत्र व्यवसायीको नामः | धितोपत्र व्यवसायीको नामः |
| छापः | छापः |